# सामुदायिक मार्गदर्शनहरू - संयुक्त राज्य अमेरिका

## गोपफ्का वितरक साझेदारहरू

यी मार्गदर्शनहरू तयार गर्नुको उद्देश्य गोपफका सेवासम्बन्धी मापदण्डहरूलाईकायम राख्दै सुरक्षा, सम्मानर निष्ठामाआधारित वितरक साझेदार समुदायको प्रवर्द्धनका लागि मद्दत गर्नु हो।वितरक साझेदारहरूको सुरक्षा गर्न तथा गोपफ्को प्लेटफर्म प्रयोग गर्ने सबैका लागि सुरक्षित तथा व्यावसायिक अनुभूति सुनिश्चित गर्न यी मार्गदर्शनहरू लागू गरिएका हुन्। हाम्रो व्यवसाय बढ्दै जाँदा हाम्रै समुदायकै पृष्ठपोषणका आधारमा यी मार्गदर्शनहरूमा समयानुकूल परिवर्तन हुँदै जानेछ।

हामीले यी मार्गदर्शन तथा सेवासम्बन्धी सम्झौतालाई गम्भीरतापूर्वक लिन्छौँ र यी मार्गदर्शन तथा सेवासम्बन्धी सम्झौताप्रति बेवास्ता गर्ने व्यक्तिको खाता गोपफ्का प्लेटफर्मबाट सदाका लागि हटाइन सक्छ।

तपाईंले सेवासम्बन्धी सम्झौतामा सहमति जनाउनुको अर्थ तपाईं स्वतन्त्र ठेकेदारका रूपमा काम गर्न सहमत हुनुहुन्छ भन्ने हो। गोपफ्मा स्वतन्त्र ठेकेदारका रूपमा काम गर्नु भनेको के हो भन्ने कुराका बारेमा थप जान्नका लागि तपाईं आफ्नो सेवा सम्झौता पढ्न सक्नुहुन्छ।

तर तपाईं यसको साटो परम्परागत लाभहरू प्राप्त गर्ने गरी पूर्णकालीन वा आंशिक रोजगारीको खोजीमा हुनुहुन्छ भने तपाईं यहाँ क्लिक गरेर हाम्रो कुनै कार्यालयमा काम गर्नका लागि आवेदन दिन सक्नुहुन्छ।

# सेवाका मापदण्डहरू

ग्राहकको सन्तुष्टिका लागि र हाम्रो प्लेटफर्मबाट पैसा कमाउन वितरण साझेदारहरूको सफलताको लागि गोपफ्को सेवाको गुणस्तर कायम राख्न अत्यन्तै जरुरी हुन्छ। तल उल्लिखित सेवाका मापदण्डहरू पूरा नगरेका कारणले यसमा संलग्न सबै पक्षहरूको ग्राहक अनुभव खराब हुन पुग्दा खाता नै निष्कृय गर्नुपर्ने हुन सक्छ।

# सुरक्षा र सम्मानको प्रवर्द्धन

गोपफ्को प्लेटफर्ममा अन्तरक्रिया गर्ने सबैको सुरक्षा र भलाई गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ।

तपाईंले गोपफ्मार्फत वितरण गर्दा कहिल्यै आफूलाई खतरा आइपरेको महसूस भयो भने तपाईंले सधैँ ९ -१ -१ लाई आफ्नो पहिलो उपायका रूपमा लिनुपर्नेछ। तपाईंले ९ -१ -१ मा फोन गरेर सुरक्षित स्थानमा आएपछि कृपया गोपफ् ड्राइभर एपमा "ग्राहक सेवा विभागमा सम्पर्क गर्नुहोस्" मा क्लिक गरेर वा partners@gopuff.com मा इमेल पठाएर उक्त घटनाका बारेमा जानकारी गराउनुहोस्। तपाईंले ग्राहकसँगको अन्तरक्रियाका सम्बन्धमा सुरक्षा निकायमा सम्पर्क गर्नु पर्ने भएमा तपाईंले कुनै पनि थप सामग्री वितरण गर्नुअघि त्यसबारेमा गोपफ्लाई अनिवार्य रूपमा जानकारी गराउनुपर्छ भन्ने कुरामा ध्यान दिनुहोस्।

गोपफ्ले असुरक्षित व्यवहारका सबै रिपोर्टहरूका बारेमा गहनरूपमा र यथासमयमै अनुसन्धान गर्नेछ। गोपफ् र गोपफ् ड्राइभर एपका प्रयोगकर्ताहरूलाई स्वविवेक प्रयोग गरेर उजुरी गर्दा वा कुनै ग्राहक वा अन्य वितरक साझेदारको छानबिनमा भाग लिँदा कहिल्यै पनि प्रतिशोध गरिने छैन।

गोपफ्का सबै वितरक साझेदारहरूको स्वतः व्यावसायिक दुर्घटना बीमा गरिएको हुन्छ। यो नीति र साझेदारले प्राप्त गर्ने अन्य सुविधाहरूका बारेमा यहाँ गई थप जान्नुहोस्।

# सुरक्षित वातावरणको प्रवर्द्धन

ग्राहक, वितरक साझेदार र कर्मचारीलगायतका सबै जना गोपफ्मा खुलेर काम गर्न र हिंसाका धम्कीहरूबाट मुक्त हुन सकिन्छ। तपाईं हाम्रो समुदायको सुरक्षामा कसरी योगदान दिन सक्नुहुन्छ भन्ने कुराका बारेमा यहाँ जानकारी दिइएको छ।

- अरूलाई आदर र समानुभूतिपूर्वक व्यवहार गर्नुहोस्। कसैलाई असहज महसूस गराउन सक्ने कुनै पनि व्यवहार वा भाषाको प्रयोग नगर्नुहोस्।
- ग्राहक, फिल्ड टिम र अन्य वितरक साझेदारहरूसँग कुराकानी गर्दा व्यावसायिकता कायम राख्नुहोस्।
- ग्राहक तथा वितरक साझेदारहरूको गोपनीयताको सम्मान गर्नुहोस्। तपाईंले गोपफ्का ग्राहक वा कर्मचारीहरूको फोटो वा भिडियो खिच्न, वा ग्राहकहरूको लिखित सहमतिविना उनीहरूका अर्डरहरूको बारेमा छलफल गर्न वा पोस्ट गर्न पाउनुहुन्न।

हाम्रो प्लेटफर्मको मुख्य सिद्धान्त नै सुरक्षा भएकाले निम्न कार्य तथा व्यवहारहरू गरेका खण्डमा तपाईंलाई प्लेटफर्मबाट हटाइन सक्छ भन्ने कुरा ख्याल राख्नुहोस्**:**

- कुनै पनि प्रकृतिको हिंसा गर्ने। यसमा हिर्काउने, मुक्का हान्ने, धकेल्ने र जानाजानी हानी पुर्याउने अन्य तरिकाहरूलगायतका कुराहरू पर्दछन्।
- मौखिक आक्रमण
- वितरणका क्रममा लागूपदार्थ वा मदिरा सेवन गर्ने
- प्रचलित कानुनले अनुमति दिएको हदसम्मगोपफ्को प्लेटफर्ममा कुनै पनि प्रकारको बन्दुक वा हतियार प्रदर्शन गर्ने।
- जातीय आधारमा गालीगलौज र अपमानजनक टिप्पणी गर्ने जस्ता आपत्तिजनक वा भेदभावपूर्ण आचरण वा भाषाको प्रयोग गर्ने। वितरक साझेदारले गोपफ्मार्फत पैसा कमाउँदा कहिल्यै पनि ग्राहक, वितरक साझेदार वा गोपफ्का कर्मचारीको जात, धर्म, लिङ्ग पहिचान, वा यौन झुकावका बारेमा टिप्पणी गर्नु हुँदैन। तपाईं भेदभाव तथा उत्पीडनविरुद्धको गोपफ्को नीति
 यहाँ पढ्न सक्नुहुन्छ।
- कुनै पनि प्रकारको यौन दुर्व्यवहार गर्ने। यौन दुर्व्यवहारअन्तर्गत निम्नलगायतका आचरणहरू पर्न सक्छन्: अनावश्यक रूपमा यौन प्रस्ताव राख्नु; कामुक वस्तु, फोटो, कार्टुन वा पोस्टरहरू हेर्नु, इसारा गर्नु वा देखाउनु; अपमानजनक टिप्पणी, वचन्, गाली वा चुट्कीलाहरू प्रयोग गर्नु; चित्र टिप्पणी गर्नु, अश्लील शब्द प्रयोग गर्नु, कामोत्तेजक वा अश्लील सन्देश पठाउनु वा निमन्त्रणा दिनु; यौन सम्पर्कका लागि ललाई फकाई गर्नु, शारीरिक स्पर्श गर्नु वा दुर्व्यवहार गर्नु, साथै कसैलाई हिँडडुल गर्न वा चल्न नदिनु। तपाईंगई गोपफ्को उत्पीडन विरुद्धको नीतिका बारेमा थप यहाँ पढ्न सक्नुहुन्छ।
- वितरण गर्ने कार्य पूरा भएपछि ग्राहकको घरमा पूर्व अनुमतिविनै प्रवेश गर्ने वा फर्कने। वितरण गरिसकेपछि ग्राहकसँगको सम्पर्क अन्त्य हुनुपर्छ। अनावश्यक सम्पर्क गरेमा त्यसलाई उत्पीडन मान्न सकिन्छ र यसमा निम्नलगायतका कुरा समावेश हुन्छन्,

डेलिभरी गर्ने कार्य पूरा भएपछि ग्राहकलाई म्यासेज गर्ने, फोन गर्ने, सामाजिक सञ्जालमा सम्पर्क गर्ने, भेट्ने वा व्यक्तिगत रूपमा भेट्ने प्रयास गर्ने। अनावश्यक सम्पर्क जानकारी सेयर गर्ने वा माग्ने नगर्नुहोस्।

- हाम्रो समुदायले व्यक्तिगत गोपनीयतालाई महत्व दिन्छ। ग्राहकको ठेगाना, नाम र अर्डरसम्बन्धी विवरणलगायतका व्यक्तिगत जानकारी वितरण पूरा गर्ने प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइन्छ र उक्त जानकारी अनलाइनमा पोस्ट गर्न, रेकर्ड गर्न वा कुनै तेस्रो पक्षलाई दिन पाइँदैन। तपाईं यहाँ गई गोपफ्को गोपनीयतासम्बन्धी सम्झौताको पूर्णपाठ पढ्न सक्नुहुन्छ।

# सुरक्षा + कोभिड-१९

गोपफ्ले हाम्रा वितरक साझेदार, ग्राहक तथा कर्मचारीहरूको सुरक्षा र भलाई सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाएको छ। तपाईं यहाँ गई कोभिड -१९ का सम्बन्धमा गोपफ्को प्रतिक्रियाका बारेमा थप जान्न सक्नुहुन्छ।

# निष्ठाका साथ काम सञ्चालन गर्नुहोस्

वितरण साझेदारहरूबाट गोपफ्को प्लेटफर्ममा विश्वास बढाउने तरिकाले व्यवहार गर्ने अपेक्षा गरिन्छ। गोपफ् वा गोपफ् ड्राइभर प्लेटफर्मको दुरुपयोग गर्ने वा ठगीमा संलग्न हुने वितरक साझेदारहरूको खाता निष्कृय गरिने छ। दुर्व्यवहार र ठगीका उदाहरणमा निम्नलगायतका कुरा समावेश हुन्छन्:

- प्रेषण प्रणाली वा प्रवर्धनात्मक कार्यक्रममा छेडखानी गर्ने वा ग्राहक बनेर कुनै कुरा अर्डर गर्ने र आफैँलाई वितरण गर्ने
- प्लेटफर्ममा काम गर्दा वा काम शुरू गर्ने प्रक्रियाका बेलामा गलत वा झुट्टा जानकारी प्रदान गर्ने
- तपाईंको नाम वा पृष्ठभूमि जाँचसँग असम्बन्धित खाता प्रयोग गर्ने वा जानाजान अर्को व्यक्तिको जानकारी प्रयोग गरेर खाता बनाउने वा तेस्रो पक्षलाई आफ्नो खाता प्रयोग गर्न दिने
- वितरण गरिने सामग्रीमा छेडछाड गर्ने वा चोरीमा संलग्न हुने
- गोपफ् ड्राइभर प्लेटफर्मबाट व्यवस्थित तरिकाले तथ्याङ्क वा अन्य सामग्री प्राप्त गर्न बोट प्रयोग गर्ने
- अर्डर प्राप्त गर्न र वितरण गर्न फरक-फरक धेरै खाता वा साधनहरू प्रयोग गर्ने

# विनम्र र व्यावसायिक हुने

गोपफ् समुदायका सबै सदस्यहरूले एकअर्कालाई आदरपूर्वक व्यवहार गर्ने अपेक्षा गरिन्छ। ग्राहक, साझेदार वा कर्मचारीबाट बारम्बार गुनासो प्राप्त भएमा गोपफ्को प्लेटफर्मबाट निष्कृय गरिन सक्छ।

यसका साथै, गोपफ्का धेरै कार्यालयहरू अन्य व्यवसाय, आवास र समुदायको आसपास हुन्छन्। यसलाई ध्यानमा राख्दै, गोपफ्का वितरक साझेदारहरूले सम्मानपूर्ण भाषा प्रयोग गर्न तथा विनम्र हुन र गोपफ्का सम्पत्ति र कामकारबाहीहरूको मात्र नभएर हाम्रा छिमेकी र उनीहरूको सम्पत्तिको पनि सम्मान गर्नु जरुरी छ। फोहोर फाल्ने, सार्वजनिक बाटोमा अवरोध गर्ने, छिमेकीको जमिनमा पार्किङ गर्ने वा राति ढिलोसम्म गीत बजाउने जस्ता अपमानजनक व्यवहारका बारेमा उजुरी परेमा त्यसबारे राम्ररी अनुसन्धान गरिनेछ र सम्बन्धित व्यक्तिलाई गोपफ्को प्लेटफर्मबाट हटाइन सकिन्छ।

# कानूनको पालना गर्ने

एक स्वतन्त्र व्यवसाय भएका नाताले सबै प्रचलित कानूनहरूको पालना गर्ने जिम्मेवारी तपाईंको हुन्छ। गोपफ्को प्लेटफर्ममा सेवा प्रदान गर्दा तपाईंले कुनै संघीय, राज्य, स्थानीय कानून वा नियम तोड्नुभयो भने गोपफ्सँग तपाईंको खाता निष्गकृय र्ने अधिकार सुरक्षित हुनेछ।

- लागुऔषध र मदिराको दुरुपयोगका घटनामा शून्य सहनशीलताको नीति
- तपाईं गाडी चलाउनुहुन्छ भने त्यसका लागि उचित बीमा गर्नु र अद्यावधिक सवारी चालक अनुमतिपत्र बोक्ने जिम्मेवारी तपाईंकै हुन्छ।
- तपाईंका एक वा सोभन्दा बढी कागजातहरूको म्याद सकिनुअघि गोपफ्ले सामान्यतया तपाईंलाई सूचित गर्ने नै छ तर स्वतन्त्र ठेकेदार भएका नाताले आफ्ना कागजातहरू अद्यावधिक छन् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी तपाईंकै हुन्छ। यदि तपाईंले म्याद सकिने मिति अघि कागजात (हरू) अद्यावधिक गर्नुभएन भने, समस्या समाधान नभएसम्म तपाईंको खाता अस्थायी रूपमा निष्क्रिय गरिनेछ।
- गोपफ्मार्फत मदिरा वितरण गर्दा वा प्राप्त गर्दा मदिरासम्बन्धी प्रचलित कानून तथा नियमहरूको पालना नगरेमा प्लेटफर्मबाट निष्कृय गरिन सक्छ। उदाहरणमा निम्नलगायतका कुराहरू समावेश छन्:
    - परिचयपत्र जाँच नगर्नु; ग्राहकको हस्ताक्षर कीर्ते गर्नु; मदिराको अर्डर सम्बन्धित व्यक्तिको अनुपस्थितिमा वितरण गर्नु; नाबालिग वा नशामा देखिएको व्यक्तिलाई मदिरा वितरण गर्नु; वा अनधिकृत रूपमा अर्कै मदिरा वितरण गर्नु

पृष्ठभूमि जाँच र सवारी साधनसम्बन्धी रिपोर्टहरू

गोपफ्ले तेस्रो पक्षीय उपभोक्ता रिपोर्टिङ एजेन्सी चेकआर,ईन्क मार्फत पृष्ठभूमिको जाँच गराउँछ। चेकआरले व्यावसायिक पृष्ठभूमि जाँच सङ्गठनबाट मान्यता प्राप्त गरेको छ। पृष्ठभूमि जाँचको बारेमा थप प्रश्नहरू भएका साझेदारहरूले कृपया चेकआरको मद्दत केन्द्रमा हेर्नुहोस्।

यो प्रक्रियाअन्तर्गत सबै वितरक साझेदारहरूको आपराधिक पृष्ठभूमिको जाँच गरिन्छ र तपाईंले वितरण गर्ने माध्यमका आधारमा सवारी साधनसम्बन्धी रिपोर्ट (एमभिआर) बनाइन्छ।

तपाईंको आपराधिक पृष्ठभूमि जाँच वा सवारीसाधनको रेकर्डको नतिजा गोपफ्को मापदण्डबमोजिम नभएका खण्डमा तपाईंको खाता निष्कृय गरिन सक्छ र तपाईंले प्लेटफर्ममा प्रवेश गर्न सक्नुहुने छैन।

साझेदारहरूले चेकआर उम्मेदवार पोर्टलमार्फत आफ्नो पृष्ठभूमिको जाँचको अवस्था हेर्न सक्छन्।

वितरण गर्ने तरिका

कुनै बजारमा वितरक साझेदारहरूसँग बाइक, कार र पैदललगायत विभिन्न यातायातका माध्यमबाट वितरण गर्ने विकल्प हुन्छ। गोपफ् ड्राइभर एपमा वितरण ब्लकहरू चयन गर्दा वा मागअनुसार वितरण गर्दा ती बजारका साझेदारहरूले निम्न निर्देशनहरूको पालना गर्नु पर्छ:

साझेदारले छनोट गर्ने वितरण ब्लकहरू निजको यातायातको तरिकाअनुसारका हुनेछन्। साझेदारले बाइकमा वितरण गर्न चाहेका खण्डमा चयन गरिएको वितरण ब्लक बाइककै लागि हुनु महत्त्वपूर्ण छ। कार वा पैदलर्फत वितरण गर्दा पनि यही कुरा लागू हुन्छ।

साझेदारहरूले स्वीकृत गरिएको तरिकाको लागि मात्र वितरण ब्लक चयन गर्न सक्छन्। उदाहरणका लागि, गोपफ्मार्फत कारबाट वितरण गर्न पृष्ठभूमिको जाँच र गाडीको रिपोर्ट पास गर्नुपर्छ र हामीलाई मान्य सवारी चालक अनुमतिपत्र उपलब्ध गराउनु पर्ने हुन्छ र फाइलमा अद्यावधिक गरिएको बीमा पनि हुनुपर्छ।

कुनै पनि वितरक साझेदारले आफ्ना लागि स्वीकृत गरिएको तरिका प्रयोग गर्न नसकेका खण्डमा निजलाई गोपफ्को प्लेटफर्मबाट हटाइन सकिन्छ।